जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २२ २०७९ साल साउन २६ गते बिहीबार (11 Aug 2022 Thursday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सूचना आयोगद्वारा ३३ कार्यालय... ३ पृष्ठमा : मधेस प्रदेशमा घट्दैछ ... ३ पृष्ठमाबिहारको मुख्यमन्त्रीका रूपमा...

# मिटरब्याजी साहबाट पीडित परिवारद्वारा प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, २५ साउन ।**

सप्तरीका मिटरब्याजी रामदेव साह तेलीबाट पीडितहरूले बुधबार पुनः राजविराजमा प्रदर्शन गर्दै उच्च अदालत जनकपुर, राजविराज इजलास आगाडी धर्ना दिएका छन् ।

मिटरब्याजी साह पीडित संघर्ष समितिको आह्वानमा गाउँ-गाउँबाट आएका पीडितहरुको ज्यालीले नाराबाजी गर्दै बजार परिक्रमा गरेर उच्च अदालत जनकपुर, राजविराज इजलास आगाडी धर्नासहित प्रदर्शन गरेका थिए ।

ठगी तथा अपराधिक विश्वासघात मुद्दाका मुख्य अभियुक्त मानिएका रामदेव साह भने अझैं फरार छन् ।

यसअघि जिल्ला अदालत सप्तरीका न्यायाधिश सुर्यनाथ प्रकाश अधिकारीको इजलासले गत असार २३ गते ठगी तथा आपराधिक विश्वासघात मुद्दामा मिटरब्याजी साहका छोरा छोरी जिल्लाको खडक नगरपालिका ७

*बाँकी तीन पृष्ठमा*

## मेनरोडस्थित किराना पसलबाट चार लाख नगद चोरी

**दैनिक समाचारदाता**
**राजविराज, २५ साउन ।**

राजविराज मेनरोडस्थित एक किराना पसलबाट मंगलबार राती नगद, मोवाइल र रिचार्ज कार्ड चोरी भएको छ ।

वडा नं. ७ रिद्धिसिद्धि किराना पसलबाट ४ लाख नगद, दुई थान मोवाइल र करिब २० हजार बराबरको एनसेल र एनटिसीको रिचार्ज कार्ड चोरी भएको पसलका संचालक सुनिल बैद्यले जानकारी दिएका छन् ।

घरमै संचालित उक्त पसलबाट मंगलबार मध्यराती

*बाँकी तीन पृष्ठमा*

## सूचना । सूचना ॥ सूचना ॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"
न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर
CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

## राजविराज पोलिटेक्निक इन्स्टिच्युट

राजविराज, सप्तरी

आवेदन फारम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा
सिभिल इन्जिनियरिङ्ग
जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

प्रवेश परीक्षा दिने मिति २०७९ भाद्र ४ गते

कार्यालय: ०३१-५९००९०, ९८२१७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

भर्ना खुल्यो भर्ना खुल्यो

## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/४/२६
प्रवेश परिक्षा मिति : २०७९/५/६ गते बिहान ८ बजे

## जगदम्बा मेडिकल इन्स्टिच्यूट

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो ! भर्ना खुल्यो ॥

विगत १४ वर्ष देखी संचालन हुदै आएको

## ओमरसियरी क्याम्पस

( CTEVT बाट मान्यता प्राप्त )

## डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०७९ श्रावण २६ गते सम्म ।

सम्पर्क :

## सफटेक इन्जिनियरिङ्ग कलेज

रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

## सम्पादकीय

# सूचनाको हकमा सबैको पहुँच आवश्यक

सूचना भन्ने बित्तिकै लुकाउने नभएर सार्वजनिक गर्ने विषय बस्तु बुझ्नुपर्छ । तर यहाँ अहिले सूचना सार्वजनिक गर्नु भन्दा पनि लुकाउनेको होडबाजी चलेको छ । सूचना नदिएर आफूलाई ठूलो बहादुर भन्ने ठान्ने धेरै छन् । यो पाउने अधिकार सबै आम नागरिकको हो । कोही पनि सूचना पाउनबाट बञ्चित हुनुहुँदैन् । सूचना भनेको अरुलाई दिएर पारदर्शि गर्नु हो । जनतालाई सरोकार राख्ने हरेक विषयलाई पारदर्शि गर्नुपर्दछ । सानो भन्दा सानो कुरालाई जनतासामु सार्वजनिक गरेर लैजानु पर्दछ ।

विभिन्न कार्यालयहरुबाट सूचना पाउनका लागि केही नियम हुन्छन् । ती नियम तहत सूचना पाउन कुनै गाह्रो हुँदैन् । तर सूचनाका लागि नियम सम्वत प्रक्रिया पुऱ्याएर निवेदन दिँदा पनि सूचना पाउन सहज छैन् । यता राष्ट्रिय सूचना आयोगमा कुनै पनि सरोकारवाला निकायले सूचना नदिए सिधै उजुरी दिने प्रावधान छ । यही प्रावधानलाई आम जनताले टेकेर उजुरी दिने गर्छन् । प्रश्न उठ्न सक्छ की सूचना कीन दिइदैन् ? सूचना नदिने धेरै आश्रय हुन सक्छन् । जस्तै आफुखुशी काम गर्ने उद्देश्य, रकमको प्रलोभन, गलत काम गर्ने नियत लगायत ।

सूचना लिने दिनेको सुरुवात गर्न आजैबाट बानी बसालौं । तसर्थ सूचना माग गर्दा दिइने निवेदनको आधारमा सूचना दिनु पर्छ भन्ने मानसिकताको विकास गरे मात्र यसलाई सहज रुपमा लिन सकिन्छ ।

# सूचना आयोगद्वारा ३३ कार्यालय प्रमुखमाथि कारबाही

काठमाडौँ, २५ साउन (रासस) । राष्ट्रिय सूचना आयोगले सूचना नदिने ३३ कार्यालय प्रमुखलाई कारबाही गरेको छ । आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६५ को दफा ३२ बमोजिम सूचना नदिने, आंशिक सूचना दिने तथा सूचनाको हक कार्यान्वयन नगर्ने कार्यालय प्रमुखलाई कारबाही गरेको हो ।

विसं २०६५ सालमा स्थापना भएको आयोगले हालसम्म ३३ कार्यालय प्रमुखमाथि कारबाही गरिसकेको सूचना आयुक्त रत्नप्रसाद मैनालीले बताउनुभयो । सूचना नदिएर कारबाहीमा पर्नेमा सबैभन्दा बढी त्रिभुवन विश्वविद्यालयका विभिन्न विभागमा कार्यरत कार्यालय प्रमुख छन् ।

हालसम्म सूचना नदिने तथा आंशिक सूचना दिने त्रिभुवन विश्वविद्यालयका परीक्षा नियन्त्रक सात, त्रिवि शिक्षा सेवा आयोगका अध्यक्ष चार, त्रिविको शिक्षाध्यक्ष एक, स्थानीय तहका कार्यालय प्रमुख चार, स्कुल तथा क्याम्पसका प्रमुख छ तथा अन्य ११ जना गरी जम्मा ३३ कार्यालय प्रमुखलाई आयोगले कारबाही गरिएको हो ।

सूचना नदिएको भन्दै यही साउन ४ गते आयोगले बल्खुस्थित त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीलाई रु २० हजार जरिवाना गर्ने निर्णय गरेको थियो । प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ, आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीसहितको आयोगको इजलासले सूचना नदिएको भन्दै सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३२ को उपदफा १ बमोजिम जरिवाना हुने निर्णय गरेको थियो।

रौतहट मलोहिया-५ का राजीव दासले गर्नुभएको उजुरीमा आयोगले उक्त जरिवाना गर्ने निर्णय गरेको हो । दासले परीक्षा नियन्त्रण कार्यालय बल्खुसँग चिकित्सा शास्त्रको अध्ययन कति वर्षसम्म पूरा गर्नुपर्ने हो, यससम्बन्धी व्यवस्था कस्तो छलगायत सूचनाको प्रमाणित प्रतिलिपि माग गर्नुभएको थियो ।

त्यस्तै आयोगले गत असार १३ गते सूचना नदिने रौतहटको राजपुर नगरपालिकाको कार्यालय प्रमुख बैंजु ठाकुरलाई रु १० हजार जरिवाना गरेको थियो । राजपुर नगरपालिका-१ का एकामुल हकले गर्नुभएको उजुरीमा आयोगले उक्त उक्त निर्णय गरेको थियो । हकले राजपुर नगरपालिकासँग कोरोना महामारीको समयमा नगरपालिकाको क्वारेन्टिनमा रहेका नागरिकको सङ्ख्या र प्रतिव्यक्ति कति खर्च भयो ? क्वारेन्टिनमा बस्ने व्यक्तिले ओढ्नका लागि खरिद गरेको कम्बलको मूल्यबारे प्रमाणित प्रतिलिपि माग गर्नुभएको थियो ।

आयोगले पटक-पटक सूचना उपलब्ध गराउनु भन्दै दिएको आदेशको उपेक्षा गर्ने तथा सूचना उपलब्ध नगराउने कार्यालय प्रमुखमाथि कारबाही गर्ने गरेको छ । सूचना मागकर्ताले मागेको सूचना उपलब्ध नगराए प्रक्रियाअनुसार सो निकायलाई आयोगले सूचना नदिनुपर्नाको कारणलेखी पठाउन भन्दै आदेश जारी गर्छ । सो आदेश पछिको जवाफमा सूचनाको हकसम्बन्धी ऐन, २०६५ को दफा ३ ले भने बमोजिमको सूचना उपलब्ध गराउनुपर्ने कानुनमै उल्लेख रहेको आयुक्त मैनालीले बताउनुभयो ।

कतिपय सार्वजनिक कार्यालयका प्रमुखले सो विषय जान्दा जान्दै पनि सूचना नै दिन मान्दैनन् । आयोगले पटक-पटक ध्यानाकर्षण गर्दा पनि सूचना नदिने कार्यालय प्रमुखमाथि कारबाही प्रक्रिया अघि बढाउँछ ।

# सञ्चारमाध्यमको संख्याभन्दा पनि गुणस्तरमा ध्यान दिनुपर्नेमा जोड

काठमाडौँ, २५ साउन (रासस) । नेपाली पत्रकारिता क्षेत्रका विज्ञहरुले आमसञ्चारमाध्यमको संख्यात्मक वृद्धिभन्दा पनि विषयवस्तुको गुणस्तरमा जोड दिनुभएको छ ।

व्यावसायिक पत्रकारिता अध्ययन केन्द्रले बुधबार आयोजना गरेको 'देशका मिडिया: बदलिँदो समयमा प्रेसका चुनौती' विषयक अन्तरक्रियामा सञ्चार क्षेत्रका विज्ञहरुले पछिल्लो समयमा बजारको अध्ययन नगरीकन आफ्नो सोख पूरा गर्ने उद्देश्यले मिडिया खोल्ने तर विषयवस्तुमा मतलब नराख्ने प्रवृत्ति बढ्दै गएको बताउनुभयो । पत्रकारिताका प्राध्यापक पी खरेलले नेपाली पत्रकारिता क्षेत्रलाई सोसल मिडियासँग तुलना गर्न नहुने भन्दै आमसञ्चारमाध्यमले मुख्यगरी जनताका विषयवस्तुमा बढीभन्दा बढी ध्यान केन्द्रित गर्नुपर्ने धारणा राख्नुभयो ।

वरिष्ठ पत्रकार रामकृष्ण रेग्मीले सूचना, सञ्चार र प्रविधिको तीव्र विकाससँगै आमसञ्चारमाध्यमले पनि आफूलाई समयअनुरुप परिवर्तन गर्दै लैजानुपर्ने र विशेषगरी समाचार कक्षको विश्वसनीयतालाई कायम राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "मुलुकमा परिवर्तन ल्याउनका लागि मिडियाको महत्वपूर्ण भूमिका रहँदै आएको छ र महत्वपूर्ण भूमिका हुनुपर्छ, राज्यले मिडियालाई नियन्त्रण होइन, लोकतान्त्रिक हिसाबले सहयोग गर्नुपर्छ, राज्यको सहयोग नभईकन मिडिया चल्न गाह्रो हुन्छ ।" सञ्चारसम्बन्धी कानुनका विज्ञ डा रामकृष्ण तिमिल्सेनाले भन्नुभयो, "वास्तवमा नेपालमा कति मिडिया हाउसको आवश्यकता हो, कति पत्रकार हुनुपर्ने हो, पत्रकारिता अध्ययन गर्ने कलेज कति हुनुपर्ने हो, त्यसबारेमा अहिलेसम्म पनि अध्ययन हुन सकेको छैन, अध्ययन हुन जरुरी छ ।"

प्राडा कुन्दन अर्यालले नेपाली पत्रकारिताका विषयवस्तुका बारेमा सम्पादक बीचमा पनि छलफल हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । बाग्मती प्रदेशका प्रेस रजिष्ट्रार रेवती सापकोटाले पत्रकारले लेखेका समाचार गुणस्तरीय र विश्वसनीय हुनुपर्ने धारणा राख्नुभयो । राष्ट्रिय समाचार समिति (रासस) का महाप्रबन्धक सिद्धराज राईले राससले सम्प्रेषण गर्ने समाचार सामग्रीमा अझै सुधार गर्ने प्रयत्न गरिरहेको बताउनुभयो । पत्रकार रुचि श्रेष्ठले "आमसञ्चारमाध्यम र पत्रकारको संख्या बढी छ, तर पठनीय स्टोरी छैन, मिडियाको सङ्ख्या धेरै छ, तर कसरी चलेका छन् मिडिया भन्नेबारे अध्ययन भएको छैन", भन्नुभयो । आमसञ्चारमाध्यमहरु आलोचनात्मक हुनुपर्ने उहाँको भनाइ छ ।

नेपाल पत्रकार महासंघका पूर्वमहासचिव ओम शर्माले नेपालमा साँच्चिकै जनताको पत्रकारिता हुन नसकेको तर्क गर्नुभयो । उहाँले भन्नुभयो, "जनताको पक्षमा धेरै सवाल छन्, तर जनताको पक्षमा पत्रकारिता हुन सकेको छैन, मैले सञ्चालन गरेको रातोपाटी डट कमले पनि जनताको पक्षमा जम्मा २० प्रतिशत मात्रै पत्रकारिता गरिरहेको छ ।" पत्रकार कलेन्द्र सेजुवालले क्षमतावान् पत्रकार उत्पादनमा जोड दिनुभयो । पत्रकार केपी ढुङ्गानाले आमसञ्चारमाध्यममा गरिएको लगानी पारदर्शी हुनुपर्छ भन्नुभयो ।

अधिवक्ता रामकृष्ण निरालाले पत्रकारिता क्षेत्रलाई अझै व्यवस्थित बनाउन पत्रकार र सञ्चारमाध्यमले पत्रकार आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेमा जोड दिनुभयो । व्यावसायिक पत्रकारिता अध्ययन केन्द्रका अध्यक्ष तथा वरिष्ठ पत्रकार किशोर नेपालले पछिल्लो समयमा पत्रकारिता क्षेत्रका निम्ति 'सोसल मिडिया' चुनौती बन्दै गएको सन्दर्भ उल्लेख गर्दै आमसञ्चारमाध्यमले आफूलाई परिमार्जन गर्नुपर्ने धारणा राख्नुभयो । एक दशकअघि स्थापना भएको केन्द्रले मिडियाको क्षेत्रमा अध्ययन, अनुसन्धान, अन्तरक्रिया र पैरवी गर्दै आएको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस प्रदेशमा घट्दैछ विद्युत् चुहावट

जनकपुरधाम, २५ साउन (रासस)।
मधेस प्रदेशमा आर्थिक वर्ष २०७८/७९ मा दुई दशमलव ६९ प्रतिशत विद्युत् चुहावट घटेको छ। विद्युत् चुहावट नियन्त्रण अभियानअन्तर्गत हुकिङ नियन्त्रण, ग्राहकको बिलिङमा सुधार, लामो समयदेखि बन्द रहेको मिटर परिवर्तन र विद्युत् रिडिङमा सुधारलगायत प्राधिकरणको प्रणाली सुदृढिकरण भएसँगै निरन्तर विद्युत् चुहावट घट्दै गएको हो।

आर्थिक वर्ष २०७७/७८ मा १६ दशमलव ५४ प्रतिशत विद्युत् चुहावट भएकामा आर्थिक वर्ष २०७८/७९ मा १४ दशमलव १७ प्रतिशत चुहावट झरेको विद्युत् प्राधिकरणको जनकपुरधामस्थित प्रादेशिक कार्यालयले जनाएको छ।

आर्थिक २०७८/७९ मा सबैभन्दा बढी सिमरौनगढ वितरण केन्द्रले नौ प्रतिशत, सिरहाको लिहान वितरण केन्द्र, धनुषाको यदुकाहा वितरण केन्द्र र महोत्तरीको जलेश्वर वितरण केन्द्रले आठ/आठ प्रतिशत तथा सिरहाको मिर्चैया वितरण केन्द्रले चार प्रतिशत विद्युत् चुहावट नियन्त्रण गरेको उक्त कार्यालयका प्रमुख ई मुनिन्द्र ठाकुरले जानकारी दिनुभयो। उहाँका अनुसार सिमरौनगढ वितरण केन्द्रले ५० दशमलव ७१ प्रतिशतबाट ४१ दशमलव चार प्रतिशतमा, लहान वितरण केन्द्रले ३३ प्रतिशतबाट २५ प्रतिशतमा, यदुकहा वितरण केन्द्रले ३४ दशमलव ७३ प्रतिशतबाट २६ दशमलव ३४ प्रतिशतमा, जलेश्वर वितरण केन्द्रले ४३ प्रतिशतबाट ३५ प्रतिशतमा र सिरहाको मिर्चैया वितरण केन्द्रले सात दशमवल छ प्रतिशतबाट चार दशमलव ८० प्रतिशतमा विद्युत् चुहावट झारेको छ।

विद्युत् चुहाबटको दृष्टिकोणले सबैभन्दा बढी सर्लाहीको मलङगवा र सिमरौनगढ क्षेत्रमा ४१/४१ प्रतिशत, महोत्तरीको जलेश्वर, रौतहटको मौलापुर तथा गौर क्षेत्रमा ३५/३५ प्रतिशत विद्युत् चुहावट हुँदै आएको उक्त कार्यालयले जनाएको छ।

औद्योगिक ग्राहक धेरै रहेकाले बाराको सिमरा वितरण केन्द्रको विद्युत् चुहावट भने शून्य दशमलव ३२ प्रतिशत रहेको जनाइएको छ। आर्थिक वर्ष २०७८/७९ मा विद्युत् चुहावट नियन्त्रण अभियानका क्रममा छ हजार ९६७ ग्राहकमाथि कारबाही गर्दा रु छ करोड ६४ लाख ३२ हजार ८५८ महसूल सङ्कलन भएको थियो। चुहावट नियन्त्रण अभियानका क्रममा हुकिङ गर्ने दुई हजार ७९० जनालाई पक्राउ गरी कारवाही गरिएको थियो। यस्तै मधेस-प्रदेशमा लामो समयदेखि विद्युत् महसुल नतिर्ने २६ हजार ५५३ ग्राहकको विद्युत् लाइन काटिएकामा २१ हजार ४८८ ग्राहकले पुनः विद्युत् जडान गराएको र त्यसबाट रु ८४ करोड ६७ लाख २४ हजार १५८ बक्यौता असूली भएको छ।

विद्युत् मिटर लिएर बिजुली उपभोग गर्ने तर लामो समयसम्म महसुल नबुझाउने प्रवृत्ति बढेकाले विद्युत् लाइन काटने अभियान चलाइएको प्रमुख ठाकुरको भनाइ थियो। महसुल सङ्कलनको हिसाबले आर्थिक वर्ष २०७८/७९ मा मधेस-प्रदेशमा सबैभन्दा बढी धनुषाको यदुकाँहा वितरण केन्द्रले १०४ प्रतिशत, सप्तरीको कञ्चनपुर वितरण केन्द्रले १०० प्रतिशत, सर्लाहीको मलङगवा, लालबन्दी र रौतहटको मौलायपुर वितरण केन्द्रले १०१ प्रतिशत र जनकपुरधाम वितरण केन्द्रले ९९ दशमलव ९९ प्रतिशत विद्युत् महसुल सङ्कलन गर्न सफल भएको थियो।

आर्थिक वर्ष २०७८/७९ मा मधेस-प्रदेशमा एक अर्ब ९१ करोड युनिट अर्थात १७ अर्ब ३१ करोड मूल्य बराबरको विद्युत् बिक्री हुँदा रु १५ अर्ब ७७ करोड महसुल सङ्कलन भएको थियो। मधेस प्रदेशमा विद्युत्का नौ लाख ८३ हजार २३ ग्राहकमध्ये ५९ प्रतिशत औद्योगिक र ३१ प्रतिशत ग्राहस्थ ग्राहक रहेका थिए। मधेस प्रदेशका पहाडी भेगका केही बस्ती बाहेक करिब ९९ दशमलव ९८ प्रतिशतमा विद्युत् सेवा पुगिसकेको छ, भने बाँकी स्थानमा पनि विद्युत् जडानको काम भइरहेको छ।

# 'नुनको विकल्पले हृदय रोगबाट बचाउँछ'

सिड्नी, २४ साउन (रासस/सिन्ह्वा)।
नुनको विकल्पमा अन्य चिज खाँदा मुटुसम्बन्धी रोगबाट मृत्युको जोखिम कम गर्न सकिने अस्ट्रेलिया र चिनियाँ विज्ञसहितको अन्तरराष्ट्रिय अनुसन्धान टोलीले गरेको नयाँ अध्ययनले देखाएको छ।

जर्ज इन्स्टिच्युट फर ग्लोबल हेल्थका कार्यकारी निर्देशक र न्यु साउथवेल्स युनिभर्सिटीका प्राध्यापक ब्रुस नीलले सोडियम क्लोराइडको सट्टा पोटासियम क्लोराइड भएको नुनको प्रयोगले मुटुसम्बन्धी रोगको जोखिम कम गर्ने र त्यसले हरेक वर्ष संसारभरि लाखौँको जीवन बचाउनसक्ने बताउनुभएको छ।

उच्च रक्तचाप प्रारम्भिक हृदयाघात तथा मृत्युतर्फ डोऱ्याउने ठूलो जोखिमको कारक भएको बताउँदै उहाँले सोडियमको मात्रा अधिक र पोटासियम कम भएका खानाले रक्तचाप बढाउने उल्लेख गर्नुभयो।

बुधबार सार्वजनिक भएको 'हार्ट जर्नल'मा नुनको प्रतिस्थापनले हृदयाघातबाट हुने प्रारम्भिक मृत्युको जोखिमलाई १३ प्रतिशत र हृदयघातको जोखिम ११ प्रतिशतले कम गरेको उल्लेख छ।

चीनको हार्बिन मेडिकल युनिभर्सिटीका वैज्ञानिक सम्मिलित अनुसन्धान टोलीले गत वर्ष ग्रामीण चीनका करिब २० हजार सर्वसाधारणलाई समावेश गरेर प्रकाशित एउटा प्रमुख अध्ययनमा आधा मानिसले आफ्नो आहारमा नुनको विकल्प प्रयोग गरेका तथा बाँकीले आफ्नो खानामा नियमित नुन प्रयोग गरेका थिए। नुनको विकल्प रोज्नेमा हृदयघातको जोखिम कम देखिएको अध्ययनको निष्कर्ष छ।

चीनमा गरिएको यो अध्ययन र त्यसको निष्कर्ष मानज स्वास्थ्यका निम्ति लाभदायक भए पनि त्यस्तै परिणाम विश्वका अन्य भागमा पनि लागू हुन्छन् भनेर किटान गर्न नसकिने अनुसन्धानकर्ता नील बताउनुहुन्छ।

पोटासियम नुनले जुनसुकै उमेर, तौल, वर्ण, लिङ्ग वा जातिका मानिसको रक्तचाप कम गर्ने उहाँ उल्लेख गर्नुहुन्छ। बीस वर्षदेखि अध्ययनअनुसन्धानमा व्यस्त उहाँले यो अनुसन्धानको निष्कर्षबाट आफू उत्साहित भएको बताउनुभयो।

पोटासियम नुन सोडियम नुनभन्दा केही महँगो भए पनि स्वास्थ्यका निम्ति त्यो उपयोगी भएकाले त्यसको उपयोगमा उहाँले जोड दिनुभएको छ। आयोडिनयुक्त नुन कण्ठरोग निवारण लागि ल्याइएको झैं सोडियमयुक्त नुन हटाएर पोटासियमयुक्त नुनको प्रयोग बढाउन सकिने उहाँको तर्क छ।

# उच्च अदालतका न्यायाधीशमा दुई सय ७७ आकांक्षी

काठमाडौं, २५ साउन (रासस)।
उच्च अदालतको रिक्त २७ न्यायाधीशको आवेदन खुला गरिएकामा दुई सय ७७ आकाङ्क्षीहरूले उम्मेदवारी दिएका छन्। न्याय परिषद्ले पहिलोपटक उच्च अदालतको न्यायाधीश नियुक्तिका लागि मापदण्ड निर्माण गरी आवेदन माग गरेको थियो।

परिषद्ले जिल्ला न्यायाधीश, कानुन व्यवसायी, न्याय समूहका कर्मचारी, सरकारी वकिल समूहका कर्मचारी, कानुन समूहका कर्मचारी र अन्य समूह आवेदनमा माग गरेको थियो। त्यसमध्ये जिल्ला न्यायाधीशबाट ७६, कानुन व्यवसायीबाट एक सय ७४ र कर्मचारीबाट ४६ जनाको आवेदनमा परेको छ।

कूल आवेदन परेकामध्ये दुई सय ५५ पुरुष र १९ महिला रहेका छन्। न्याय परिषद्का प्रवक्ता मानबहादुर कार्कीका अनुसार आवेदन परेकाहरूको प्रारम्भिक छनोटमा गरी सूची प्रकाशित हुनेछ।

## मिटरब्याजी साहबाट...

कल्याणपुर निवासी नन्दकिशोर साह र अनुराधा साहलाई कारागार चलान गरिसकेको छ।

साह परिवारमाथि जग्गा तथा सुनचाँदीको गरगहना बन्धकी राखेर चर्को मिटरब्याज असुली गर्ने र कतिपय व्यक्तिले लिएको ऋण र ब्याज चुक्ता गरिसकेपनि धितो फिर्ता नगरेको आरोप छ। पीडितहरुको उजुरीको आधारमा उनीहरु उपर ठगी तथा अपराधिक विश्वासघात मुद्दा चलाइएको प्रहरीको भनाइ छ।

## मेनरोडस्थित किराना ...

चोरहरुले घरको पछाडीपट्टी रहेको फलामे भऱ्याङ हुँदै छिमेकीको घरको छतबाट आफ्नो घरमा प्रवेश गरि नगदसहित अन्य सामानहरु लगेको पीडित बैद्यको भनाइ छ।

प्राप्त जानकारी अनुसार सोही दिन नगरको अन्य दुई वटा घरमा चोरहरु पसेको तर घरपट्टी समयमै थाहा पाएपछि चोरहरु भागेका थिए।

यता चोरीका घटना बारे प्रहरीलाई जानकारी गराइपछि चोरहरुको खोजि कार्य तिब्र पारिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774

Mo. No : 9819721526, 9852820734


# विश्व समाचार

## बिहारको मुख्यमन्त्रीका रूपमा नितिश कुमारद्वारा आठौं पटक शपथ

पटना, २५ साउन (रासस)।
बिहार राज्यको मुख्यमन्त्रीका रूपमा नेता नितिशकुमारले पटना राजभवनमा बुधबार शपथ लिनुभएको छ। उहाँले मुख्यमन्त्रीको शपथ लिएको यो आठौँ पटक हो।

भारतीय जनता पार्टीसँगको सत्ता साझेदारी त्यागेर राज्यमा ठूलो राजनीतिक अस्तव्यस्तता व्याप्तभएको भोलिपल्ट उहाँ पुनः मुख्यमन्त्रीमा पदासिन हुनुभएको छ। सातदलीय महागठबन्धनको हिजोको बैठकले उहाँलाई नै उक्त पदका निम्ति चयन गरेको थियो। तेजश्वी यादवको राष्ट्रिय जनता दल र अन्य साना विपक्षी दलको समर्थनमा उहाँ फेरि सत्तामा पुग्नुभएको हो।

राष्ट्रिय जनता दलका नेता यादवले पनि बुधबारै राज्यको उपमुख्यमन्त्रीको शपथ लिनुभयो। राजभवनमा भएको शपथ समारोहमा राष्ट्रिय जनता दलका नेता तेजप्रताप यादव, तथा उपमुख्यमन्त्री यादवकी श्रीमती राजश्री, पूर्वमुख्यमन्त्री राबडी देवीलगायत उपस्थित हुनुहुन्थ्यो।

जनता दल युनाइटेड र राष्ट्रिय जनता दलको साझेदारीले दुईसय ४३ सदस्यीय विधान सभामा बहुमत पुगेको छ भने गठबन्धनलाई जितन माझीको एचएएमजस्ता साना दलले पनि समर्थन गरेका छन्।

बिहार राज्य विधानसभामा भारतीय जनता पार्टीका ७७ जना विधायक छन्। नितिशकुमारलाई एकसय ६४ जना विधायकको समर्थन छ।

## पाकिस्तानमा पत्रकार पक्राउको निन्दा, रिहा नगरे देशव्यापी आन्दोलन गर्ने चेतावनी

कराँची, २५ साउन (रासस/एएनआई)।
पाकिस्तानभरका पत्रकारले एआरवाई न्यूजका प्रमुख अम्माद युसुफको गिरफ्तारीको निन्दा गर्दै उनको तत्काल रिहाइको माग गरेका छन्। उनलाई बुधबार यहाँबाट पक्राउ गरिएको हो। सादा पोशाकमा प्रहरी अधिकारीहरू उनको घरमा जबरजस्ती प्रवेश गरेका थिए।

पत्रकार सङ्घ र प्रेस क्लबले एआरवाई न्यूजका प्रमुख युसुफको गिरफ्तारीलाई पीडकको कार्य भन्दै उनलाई तत्काल हिरासतमुक्त नगरे देशव्यापी आन्दोलन आह्वान गर्ने चेतावनी दिएका छन्। पाकिस्तान फेडरल युनियन अफ जर्नलिस्टले वक्तव्य जारी गर्दै सरकारको लज्जास्पद कारबाहीको विरोध गरेको छ।

उसले प्रधानमन्त्री शहबाज सरिफले युसुफलाई तत्काल रिहा गर्न आदेश दिनुपर्ने बताएको छ। (पिएफयूजे)का महासचिव एएच खानजादाले युसुफलाई तत्काल रिहा नगरिए पत्रकारले देशव्यापी आन्दोलनको आह्वान गर्ने बताए। अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध कुनै पनि हालतमा नसहने कराँची प्रेस क्लबका सचिव रिजवान भट्टीले भनेका छन्।

युसुफको गिरफ्तारी देशको सबैभन्दा ठूलो निजी प्रसारक च्यानललाई पाकिस्तान इलेक्ट्रोनिक मिडिया रेगुलेटरी अथोरिटीले सोमबार कारण देखाउ सूचना पठाएपछि भएको हो।

यसैबीच, नेटवर्कका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत सलमान इकबालसहित अन्य दुई 'एङ्कर'विरुद्ध देशद्रोहको मुद्दा दायर गरिएको छ।उनीहरुमापत देशद्रोह र कथित षड्यन्त्रको आरोप लगाइएको छ।

## रुसी आक्रमणमा तेह्र सर्वसाधारण मारिए

युक्रेन, २५ साउन (रासस/एएफपी)।
मध्य युक्रेनको निप्रोपेट्रोभस्क क्षेत्रमा भएको रुसी आक्रमणमा परी तेह्र जना सर्वसाधारण मारिएका स्थानीय गभर्नरले बुधबार बताउनु भएको छ।

'यो भयानक रात थियो। एघार जना मारिए' भ्यालेन्टिन रेज्नेचेन्कोले टेलिग्राममा लेख्नु भएको छ। घाइते मध्ये दुई जनाको मृत्यु भएपछि यस आक्रमणमा मारिएका व्यक्तिको सङ्ख्या १३ पुगेको गभर्नर थप जानकारी दिनु भएको छ।

जापोरिझिया आणविक उर्जा केन्द्रबाट निपर नदीको अर्को छेउमा रहेको मार्गानेट गाउँमा भएको आक्रमणमा परी १२ जना मारिएका क्षेत्रीय परिषद्का प्रमुख माइकोला लुकाशुकले बताउनु भएको छ।

प्रशासनिक भवनहरु, अग्लो भवनहरु, एउटा विद्यालय, एउटा सांस्कृतिक दरबार, एउटा नगर परिषद्को भवन, क्षतिग्रस्त भएको उहाँले बताउनुभएको छ। रुस र युक्रेनले एकअर्कालाई प्लान्टनजिकै गोलाबारी गरेको आरोप लगाएका छन्।

# मतदाता नामावली अद्यावधिक र दाबी विरोध प्रक्रिया सुरु हुने

काठमाडौँ, २५ साउन (रासस) । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको निर्वाचनलाई ध्यान दिएर मतदाता नामावलीलाई अद्यावधिक तथा दाबी विरोधको प्रक्रिया प्रारम्भ गर्ने भएको छ ।

अद्यावधिक कार्यक्रमअनुसार आउँदो भदौ १२ देखि १९ गतेसम्म मतदाता नामावली अद्यावधिक (दाबी विरोधसमेत)को कार्यक्रम निर्वाचन कार्यालयमा सञ्चालन हुनेछ । उक्त प्रक्रियाअन्तर्गत नामावलीमा भएको त्रुटि सच्याउने, कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, दोहोरो नामावली भएको भए हटाउन निवेदन दिने, एकाघर परिवारका सदस्यको मृत्यु भएको भए हटाउन निवेदन दिने, एकै वडाका दुई वा दुईभन्दा बढी मतदानस्थल भएकामा पायक पर्ने मतदानस्थलमा नाम सार्न निवेदन दिन सकिने छ ।

नामावली अद्यावधिक कार्यका लागि इमेल, फ्याक्स तथा अनलाइन समेतबाट निवेदन दिने व्यवस्था छ । मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्पन्न भएपश्चात प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि भदौ ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन हुने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

संवत् २०७९ मङ्सिर ४ गते बिहीबार निर्वाचन हुने गरी नेपाल सरकारबाट यही साउन १९ गते घोषणा भएपश्चात निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयबाट हुँदै आएको मतदाता नामावली सङ्कलन कार्य साउन २० गतेदेखि स्थगन भएको थियो । मतदाता नामावली ऐन, २०७३ बमोजिम निर्वाचनको मिति घोषणा भएको दिनसम्म सङ्कलन भएको र मतदान हुने मितिभन्दा अघिल्लो दिनसम्म १८ वर्ष उमेर पुग्ने व्यक्तिहरूको मतदाता नामावलीलाई अद्यावधिक तथा दाबी विरोधको प्रक्रिया प्रारम्भ भएको हो ।

# मिटरब्याजीका आरोपी चौधरी सर्लाही चलान

महोत्तरी, २५ साउन (रासस) । मिटरब्याजीका आरोपी सञ्जय चौधरी रौनियारलाई प्रहरीले सर्लाही पठाएको छ । सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-४ त्रिभुवननगरका बासिन्दा ५२ वर्षीय रौनियारलाई मङ्गलबार जिल्ला प्रहरी कार्यालय सर्लाही पठाइएको हो । रौनियारविरुद्ध ठगी गरेको आरोपमा परेको उजुरी सम्बन्धमा अनुसन्धानका लागि उनलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीको अनुरोधमा उता पठाइएको इलाका प्रहरी कार्यालय बर्दिबास (महोत्तरी)ले जनाएको हो ।

सर्लाहीमा चर्को ब्याजमा ऋण लगानी गरेर ठगी गरेको रौनियारमाथि आरोप छ । यही आरोपमा अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सर्लाहीको अनुरोधअनुसार उनलाई सर्लाही पठाइएको हो । सर्लाही पुऱ्याइएका रौनियारलाई सर्लाही जिल्ला अदालतमा उपस्थित गराई थप अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

रौनियारले मिटरब्याजमा ऋण लगानी गरेर सयौँ सर्वसाधारणलाई बिल्लीबाठ बनाएको गुनासो बढ्दै आएको थियो । यस्ता गुनासोमा प्रहरीमा उजुरी नै परेपछि लामो समय भारतमा लुकीछिपी बस्दै आएका रौनियार यसपालि प्रहरी पक्कडमा परेका हुन् ।

सीमावर्ती भारतका आफन्तकहाँ बस्दै आएका रौनियार सर्लाही नगएर महोत्तरीको गौशालाबजार पुगेका थिए । गौशालामा उनलाई पीडितहरूले अडचाएर सामाजिक छलफल भइरहँदा एक जना पत्रकारले सोधेका जिज्ञासामा अभद्रता देखाएका चौधरीलाई प्रहरीले नियन्त्रणमा लिई घटना अनुसन्धान गरिरहेकै बीच जिल्ला प्रहरी कार्यालय सर्लाहीले माग गरेपछि रौनियारलाई उता पठाइएको हो ।

# थप आठ सय ६८ जनामा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, २५ साउन (रासस) । पछिल्लो २४ घण्टामा थप आठ सय ६८ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीका अनुसार ६ हजार सात सय पाँच जनामा गरिएको परीक्षणमध्ये आठ सय ६८ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो ।

योसँगै सक्रिय संक्रमितको संख्या पाँच हजार आठसय ८५ पुगेको छ । काठमाडौँ उपत्यकामा तीन सय जनामा संक्रमण पुष्टि भएको छ । ललितपुरमा ५३, भक्तपुर १८ र काठमाडौँमा दुईसय २९ जनामा संक्रमण पुष्टि भएको उहाँले बताउनुभयो ।

यस्तै बुधबार कोरोना भाइरसबाट निको भइ चार सय १४ जना घर फर्किएका छन् । साउन एक गतेको संक्रमण दर चार प्रतिशत रहेकामा बुधबार १३ प्रतिशत पुगेको अधिकारीले बताउनुभयो । पछिल्लो २४ घण्टामा कोरोना भाइरसको संक्रमणबाट तीन जनाको निधन भएको छ । हालसम्म ११ हजार नौसय ७७ जनाको संक्रमणबाट निधन भएको छ ।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर तथा दुई सयभन्दा बढी संक्रमित भएको जिल्ला मोरङ रहेको छ । संक्रमित शून्य भएका जिल्ला मनाङ, कालीकोट र हुम्ला छन् ।

हाल होम आइसोलेशनमा पाँच हजार पाँच सय ७१ जना, संस्थागत आइसोलेशनमा दुई सय १४, सघन उपचार कक्ष (आइसियु)मा ६४ र भेन्टिलेटरमा सात जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा एक लाख ३८ हजार आठ सय ४० जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

# मूल्य वृद्धिमा सरकारको ध्यान पुग्न सकेन

काठमाडौँ, २५ साउन (रासस) । राष्ट्रियसभाका सांसद खिमलाल भट्टराईले जनताको ढाड सेक्ने गरी दैनिक उपभोग्य वस्तुमा मूल्यवृद्धि भए पनि त्यसतर्फ सरकारको ध्यान पुग्न नसकेको बताउनुभएको छ ।

तेलको मूल्य घटबढ हुँदा सामान्यतः समायोजन गर्ने चलन रहे पनि त्यसो नगरिएको उल्लेख गर्दै राष्ट्रियसभाको विशेष समयमा सांसद भट्टराईले भन्नुभयो, "नियमतः यो समायोजन हुनुपर्ने हो, यस बारेमा सरकारको ध्यान छैन, अरू वस्तुको मूल्य वृद्धि हेर्ने हो भने जनताको ढाड सेकिएको छ, एक वर्षमा एक सय १७ प्रतिशतसम्म मूल्य वृद्धि भएको छ ।"

उहाँले डिजेलमा ७१, पेट्रोलमा ५४, ग्यासमा २६, चामलको पीठोमा एक सय १७, कालो भटमासमा ७५, चामलामा ७७ र तोरीको तेलमा ५८ प्रतिशत वृद्धि भएको जानकारी गराउनुभयो ।

जनताले उपभोग गर्ने खाद्यान्नमा मूल्यवृद्धिले ढाड सेकिएको र जनतामा गरिबी बढ्दा विभिन्न आपराधिक गतिविधि बढेकोतर्फ पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो । लोकतन्त्रमा सबैभन्दा ध्यान दिनुपर्ने कुरा जनताको समस्या भए पनि त्यसतर्फ सरकार गम्भीर हुन नसकेको उहाँले आरोप लगाउनुभयो ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी नसुताई बसाएर लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*